# पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयसँग सम्बन्धित गतिविधि तथा सूचनाहरु

पोखरा विश्वविद्यालय ऐन, २०५३ अनुसार स्थापना भएको पोखरा विश्वविद्यालयको संरचना समयको माग अनुरुप विस्तार हुँदै गइरहेको सन्दर्भमा हाल पोखरा विश्वविद्यालय अन्तर्गत व्यवस्थापन अध्ययन, विज्ञान तथा प्रविधि, स्वास्थ्य विज्ञान र मानविकी तथा सामाजिकशास्त्र सङ्काय गरी ४ वटा सङ्कायहरु रहेका छन् । जस अन्तर्गत ४ वटा आङ्गिक, ३ वटा संयुक्त आङ्गिक र ५८ वटा सम्बन्धन प्राप्त गरी जम्मा ६५ वटा स्कुल/कलेजहरुमा स्नातक तह, स्नातकोत्तर तह, एम.फिल. (दर्शनाचार्य) तथा पि.एच.डी. (विद्यावारिधी) तहसम्मको पठनपाठन भइरहेको छ ।

यसरी विश्वविद्यालयको आङ्गिक, संयुक्त आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजहरुमा भर्ना भएका विद्यार्थीहरुको विश्वविद्यालयमा रजिष्ट्रेशन गर्नेदेखि लिएर परीक्षा सञ्चालन गर्ने, परीक्षाको परीक्षाफल प्रकाशन गर्ने, उत्तीर्ण भएका विद्यार्थीहरुलाई ट्रान्सक्रिप्ट लगायत सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरु प्रदान गर्ने तथा निर्धारित समयमा दीक्षान्त समारोहको आयोजना गरी विद्यार्थीहरुलाई दीक्षित गर्ने कार्य समेत परीक्षा नियन्त्रण कार्यालयबाट सम्पादन गरिने महत्वपूर्ण कार्यहरु हुन् । विगतमा पदाधिकारी नियुक्ति, कोभिड-१९ को महामारी लगायत विविध कारणबाट समयमा सम्पन्न हुन नसकेका कार्यहरु पनि विगत तीन वर्षदेखि नियमित रुपमा सम्पन्न भइरहेको अवस्था छ ।

हाल परीक्षा नियन्त्रण कार्यालयले विद्यार्थीहरुलाई Degree Certificate, Transcript, Migration, Provisional Certificate हरु Online मार्फत आवेदन फर्म भर्न पाउने सेवा उपलब्ध गराउदै आएको छ । शैक्षिक प्रमाणपत्रहरु आवेदन गर्न मात्र पनि विद्यार्थीहरु परीक्षा नियन्त्रण कार्यालयमा नै आउनु पर्दा धेरै समय लाग्ने र परीक्षा नियन्त्रण कार्यालयमा पनि विद्यार्थीहरुको भिडभाड हुने भएकोले यसलाई सहज र सर्वसुलभ बनाउन परीक्षा नियन्त्रण कार्यालयबाट प्रवाह गरिने सेवाहरुको लागि लिइने आवेदनहरु Online माध्यमबाट लिने व्यवस्थाको लागि Online Web Application निर्माण गरी Online माध्यमबाट सेवा प्रदान गरिएको छ । त्यसको अतिरिक्त परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराउने अन्य सेवा सुविधालाई समेत थप सुविधाजनक बनाउने कार्य भइरहेको छ ।

यसै सिलसिलामा परीक्षा नियन्त्रण कार्यालयले विद्यार्थीहरुको Registration गर्नेदेखि लिएर Result Processing तथा Certificate Issue आदि कार्यहरु गर्नको लागि आफ्नै सफ्टवेयर (e-PoU Exam Management Information System) निर्माण गरी कार्यान्वयन गर्न लागिरहेको छ । जसको लागि नेपाल दुरसञ्चार कम्पनीसँग समन्वय गरी सम्पूर्ण आङ्गिक, संयुक्त आङ्गिक र सम्बन्धन प्राप्त कलेजहरुसँग Network निर्माण गरी परीक्षाका सम्पूर्ण गतिविधिहरुलाई Digitalize गर्न लागिएको छ । त्यसैगरी परीक्षा नियन्त्रण कार्यालयको कार्यमा संलग्न सम्पूर्ण विज्ञ प्राध्यापकहरुको पारिश्रमिक Online Payment को व्यवस्था गरी द्रुत भुक्तानीमा जोड दिइएको छ ।


परीक्षासँग सम्बन्धित कार्यहरुको गोपनियता एवं सुरक्षाको लागि परीक्षा नियन्त्रण कार्यालयले सुरक्षाका दृष्टिकोणले सेन्सर गेट तथा High Resolution को CCTV Camera जडान गरी सुरक्षाका उपायहरु अपनाएको छ । सुरक्षित वातावरण कायम गर्न गोप्यशाखामा कार्य गर्ने विज्ञहरुको Bags, Mobile लगायत

अन्य Electronic Gadget हरुको सुरक्षाको लागि Locker को प्रबन्ध गर्नुको साथै गोप्यशाखामा मोवाइल फोनको प्रयोगलाई निषेध गरिएको छ ।

परीक्षा नियन्त्रण कार्यालयका कागजातहरुको सुरक्षित ढुवानी गर्न आफ्नै ढुवानी साधनको व्यवस्था, सुरक्षित प्याकेजिङ्ग साथै भरपर्दो विधिबाट सङ्कलन तथा वितरण गर्ने व्यवस्था गरिएको छ । परीक्षा नियन्त्रण कार्यालय भवनको मर्मत तथा रंगरोगन, सवारी साधनको पार्किङ्ग स्थल निर्माण गर्नुका साथै वरिपरिको प्राङ्गणलाई समेत व्यवस्थित गरिएको छ ।

परीक्षा नियन्त्रण कार्यालयबाट सम्पादन गरिने कार्यहरु तथा जारी गरिने प्रमाणपत्रहरुको दीर्घकालसम्म अभिलेख आवश्यक हुने र उक्त अभिलेखलाई सुरक्षित राख्नको लागि Central Backup System स्थापना गरी पोखरा विश्वविद्यालय, केन्द्रीय कार्यालयमा Fire Proof Locker (Volt) मा राखी भण्डारण गर्ने व्यवस्था गरिएको छ ।

## १. रजिष्ट्रेशनः





| | Health Science | Humanities | Management | Science and Technology |
|---|---|---|---|---|
| Quota | 640 | 184 | 6480 | 4176 |
| Admission | 423 | 72 | 3393 | 2317 |
| Percent | 66.09 | 39.13 | 52.36 | 55.48 |

*चित्र नं. १: विद्यार्थी भर्ना विवरण (स्नातक)*

सन् २०२३ मा स्नातक तहमा सबैभन्दा बढी ६४८० भर्ना कोटा भएको व्यवस्थापन अध्ययन सङ्कायमा ३३९३ जना, विज्ञान तथा प्रविधि सङ्कायमा ४१७६ कोटामध्ये २३१७ जना, स्वास्थ्य विज्ञान सङ्कायमा ६४० कोटामध्ये ४२३ जना र मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा १८४ कोटामध्ये ७२ जना विद्यार्थी भर्ना भएका थिए । प्रतिशतको आधारमा हेर्दा स्वास्थ्य विज्ञान सङ्कायमा भर्ना कोटाको सबैभन्दा बढी ६६.०९ प्रतिशत विद्यार्थी भर्ना भएको देखिन्छ भने सबैभन्दा कम मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा भर्ना कोटाको ३९.१३ प्रतिशत मात्र विद्यार्थी भएको देखिन्छ । तथ्याङ्कको आधारमा मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा भर्ना कोटा र विद्यार्थी भर्ना प्रतिशत दुबै न्युन रहेको देखिन्छ । सबैभन्दा

बढी विद्यार्थी कोटा भएको व्यवस्थापन अध्ययन सङ्कायमा विद्यार्थी भर्ना सबैभन्दा बढी ३३९३ भएपनि प्रतिशतको रुपमा हेर्दा ५२.३६ प्रतिशत मात्र रहेको छ ।

समग्रमा हेर्दा सन् २०२३ मा स्नातक तहमा जम्मा विद्यार्थी कोटा ११४८० मा ६२०५ विद्यार्थी भर्ना भर्ना भएको देखिन्छ जुन भर्ना कोटाको ५४.०५ प्रतिशत हो ।




*चित्र नं. २: विद्यार्थी भर्ना विवरण (स्नातकोत्तर)*

सन् २०२३ मा स्नातकोत्तर तहमा सबैभन्दा बढी १२६० भर्ना कोटा भएको व्यवस्थापन अध्ययन सङ्कायमा ५३८ जना, विज्ञान तथा प्रविधि सङ्कायमा ६३५ कोटामध्ये ३१३ जना, स्वास्थ्य विज्ञान सङ्कायमा ६८ कोटामध्ये ५८ जना र मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा १८० कोटामध्ये ६५ जना विद्यार्थी भर्ना भएका थिए । प्रतिशतको आधारमा हेर्दा स्वास्थ्य विज्ञान सङ्कायमा भर्ना कोटाको सबैभन्दा बढी ८५.२९ प्रतिशत विद्यार्थी भर्ना भएको देखिन्छ भने सबैभन्दा कम मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा भर्ना कोटाको ३६.११ प्रतिशत मात्र विद्यार्थी भर्ना भएको देखिन्छ । तथ्याङ्कको आधारमा स्वास्थ्य विज्ञान सङ्काय सबैभन्दा कम कोटा भएको सङ्काय हो भने विद्यार्थी भर्ना प्रतिशतको आधारमा मानविकी तथा सामाजिकशास्त्र सङ्काय सबैभन्दा कम भर्ना प्रतिशत रहेको सङ्काय हो । सबैभन्दा बढी विद्यार्थी कोटा भएको व्यवस्थापन अध्ययन सङ्कायमा विद्यार्थी भर्ना सबैभन्दा बढी ५३८ भएपनि प्रतिशतको रुपमा हेर्दा ४२.७० प्रतिशत मात्र रहेको देखिन्छ ।

समग्रमा हेर्दा सन् २०२३ मा स्नातकोत्तर तहमा जम्मा विद्यार्थी कोटा २१४३ मा ९७४ विद्यार्थी भर्ना भएको देखिन्छ जुन भर्ना कोटाको ४५.४५ प्रतिशत हो ।


## २. विद्यार्थी उत्तीर्ण प्रतिशत:

| Faculty | 1st Sem | 2nd Sem | 3rd Sem | 4th Sem | 6th Sem | 8th Sem |
|---|---|---|---|---|---|---|
| Management | - | 35.60 | 44.82 | 56.62 | 80.45 | 88.62 |
| Science and Technology | - | 25.88 | 26.49 | 34.07 | 42.76 | 66.26 |
| Health Sciences | 66.67 | 69.27 | - | 94.00 | 76.83 | 97.57 |
| Humanities and Social Sciences | - | 65.45 | 37.84 | 68.25 | 77.59 | 91.04 |

*तालिका नं. १: विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत*

तालिका नं. १ मा Spring Semester-2023 को परीक्षामा नियमित तर्फका विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत देखाइएको छ । जसमा व्यवस्थापन अध्ययन सङ्कायको दोस्रो सेमेष्टरमा विद्यार्थी उत्तीर्ण प्रतिशत ३५.६५ रहेकोमा लगातार वृद्धि हुदै आठौं सेमेष्टरसम्म पुग्दा ८८.६२ प्रतिशतमा पुगेको देखिन्छ । यस्तै वृद्धि दर विज्ञान तथा प्रविधि सङ्कायमा पनि देखिन्छ जहाँ दोस्रो सेमेष्टरमा विद्यार्थी उत्तीर्ण प्रतिशत २५.८८ कायम रहेकोमा लगातार वृद्धि भएर ६६.२६ प्रतिशत पुगेको देखिन्छ । अन्य सङ्कायको तुलनामा सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण प्रतिशत भएको स्वास्थ्य विज्ञान सङ्कायको पहिलो सेमेष्टरमा ६६.६७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएकोमा आठौं सेमेष्टरसम्म पुग्दा ९७.५७ प्रतिशत पुगेको देखिन्छ । मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा दोस्रो सेमेष्टरमा ६५.४५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएकोमा तेस्रो सेमेष्टरमा केहि कम भइ ३७.८४ प्रतिशत देखिएता पनि अन्तत त्यसपछिका सेमेष्टरमा लगातार वृद्धि हुदै ९१.०४ प्रतिशतसम्म विद्यार्थी उत्तीर्ण भएको देखिन्छ ।

## ३. दीक्षित विद्यार्थीहरुको संख्याः





| | Health Science | | Humanities | | Management | | Science and Technology | |
|---|---|---|---|---|---|---|---|---|
| | 18th Conv. | 19th Conv. | 18th Conv. | 19th Conv. | 18th Conv. | 19th Conv. | 18th Conv. | 19th Conv. |
| Admission | 885 | 897 | 87 | 104 | 4789 | 4148 | 2744 | 2769 |
| Graduated | 647 | 690 | 31 | 55 | 2426 | 2425 | 820 | 1069 |
| Percent | 73.11 | 76.92 | 35.63 | 52.88 | 50.66 | 58.46 | 29.88 | 38.61 |

*चित्र नं. ३: दीक्षित विद्यार्थी विवरण (स्नातक)*

चित्र नं. ३ मा पछिल्ला २ वटा दीक्षान्त समारोहमा स्नातक तहमा नियमित तर्फ दीक्षित भएका विद्यार्थी र ती विद्यार्थी भर्ना हुदाँको वर्ष भर्ना भएका जम्मा विद्यार्थीको सङ्ख्या देखाइएको छ । क्रमशः सन् २०१८ र २०१९ मा स्वास्थ्य विज्ञान सङ्काय अन्तर्गत भर्ना भएका ८८५ र ८९७ जना विद्यार्थीमध्ये सन् २०२३ मा सम्पन्न १८ औं दीक्षान्त समारोहमा नियमित तर्फ ६४७ जना र सन् २०२४ मा सम्पन्न १९ औं दीक्षान्त समारोहमा नियमित तर्फ ६९० जना विद्यार्थी दीक्षित भए । त्यसैगरी सन् २०१८ र २०१९ मा मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत भर्ना भएका ८७ र १०४ जना विद्यार्थीमध्ये सन् २०२३ मा सम्पन्न १८ औं दीक्षान्त समारोहमा नियमित तर्फ ३१ जना र सन्

२०२४ मा सम्पन्न १९ औं दीक्षान्त समारोहमा नियमित तर्फ ५५ जना विद्यार्थी दीक्षित भए । त्यसैगरी क्रमशः सन् २०१८ र २०१९ मा व्यवस्थापन अध्ययन सङ्काय अन्तर्गत भर्ना भएका ४७८९ र ४१४८ जना विद्यार्थीमध्ये सन् २०२३ मा सम्पन्न १८ औं दीक्षान्त समारोहमा नियमित तर्फ २४२६ जना र सन् २०२४ मा सम्पन्न १९ औं दीक्षान्त समारोहमा नियमित तर्फ २४२५ जना विद्यार्थी दीक्षित भए । विद्यार्थी सङ्ख्याको आधारमा व्यवस्थापन अध्ययन सङ्काय सबैभन्दा ठूलो सङ्काय पनि हो । सन् २०१८ र २०१९ मा विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत भर्ना भएका २७४४ र २७६९ जना विद्यार्थीमध्ये सन् २०२३ मा सम्पन्न १८ औं दीक्षान्त समारोहमा नियमित तर्फ ८२० जना र सन् २०२४ मा सम्पन्न १९ औं दीक्षान्त समारोहमा नियमित तर्फ १०६९ जना विद्यार्थी दीक्षित भए । नियमित दीक्षित हुने विद्यार्थी प्रतिशतका आधारमा विज्ञान तथा प्रविधि सङ्काय सबैभन्दा कम प्रतिशत दीक्षित भएको सङ्काय हो जहाँ १८ औं दीक्षान्त समारोहमा भर्ना भएका विद्यार्थीको २९.८८ प्रतिशत र १९ औं दीक्षान्त समारोहमा भर्ना भएका विद्यार्थीको ३८.८१ प्रतिशत विद्यार्थी मात्र दीक्षित भए । पोखरा विश्वविद्यालयले सम्बन्धित कार्यक्रमले तोकेको सम्पूर्ण मापदण्ड पुरा गर्न Normal Duration र Maximum Duration को व्यवस्था गरेको छ । उल्लेखित सम्पूर्ण तथ्याङ्कहरु कार्यक्रमले तोकेको सम्पूर्ण मापदण्ड सामान्यतया Normal Duration भित्र पुरा गरेका विद्यार्थीहरुको विवरण हो । अतः कार्यक्रमले तोकेको सम्पूर्ण मापदण्ड Normal Duration भित्र पुरा गर्न नसकेका विद्यार्थीहरुले Maximum Duration भित्र Retake परीक्षामा संलग्न भइ उत्तीर्ण गर्न र दीक्षित हुन सक्ने व्यवस्था रहेको छ ।




*चित्र नं. ४: दीक्षित विद्यार्थी विवरण (स्नातकोत्तर)*

चित्र नं. ४ मा स्नातकोत्तर तहमा सन् २०२० र २०२१ मा विभिन्न सङ्कायमा भर्ना भई सन् २०२४ मा दीक्षित भएका विद्यार्थीहरुको तथ्याङ्क देखाइएको छ । जसमा सबैभन्दा बढी १६२७ जना विद्यार्थी भर्ना भएको व्यवस्थापन अध्ययन सङ्कायमा ५५९ जना विद्यार्थी दीक्षित भैसकेका छन् । विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गतको स्नातकोत्तर तहमा भर्ना भएका जम्मा ८७७ जना विद्यार्थीमा १३१ जना,

मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा २३३ जना विद्यार्थी भर्ना भएकोमा ४४ जना र विद्यार्थी सङ्ख्याको आधारमा सबैभन्दा कम ६५ जना विद्यार्थी भर्ना भएको स्वास्थ्य विज्ञान सङ्कायमा ५७ जना विद्यार्थी दीक्षित भैसकेको देखिन्छ । भर्ना र दीक्षित विद्यार्थीको प्रतिशत भने स्वास्थ्य विज्ञान सङ्कायको सबैभन्दा बढी ८७.६९ प्रतिशत रहेको छ ।

स्नातक तहमा जसरी नै स्नातकोत्तर तहमा पनि सम्बन्धित कार्यक्रमले तोकेको सम्पूर्ण मापदण्ड पुरा गर्न विश्वविद्यालयले Normal Duration र Maximum Duration को व्यवस्था गरेको छ । सबैजसो स्नातकोत्तर तहका कार्यक्रमहरुमा अन्तिम सेमेष्टरमा शोधग्रन्थ (Thesis) अनिवार्य गरिएको छ । सन् २०२० र २०२१ मा भर्ना भएका विद्यार्थीलाई सम्बन्धित कार्यक्रमले तोकेको सम्पूर्ण मापदण्ड (शोधग्रन्थ सहित) पुरा गर्न विश्वविद्यालयले प्रदान गरेको Maximum Duration सम्मको समयावधि नसकिएको हुँदा १९ औं दीक्षान्त पश्चात पनि उत्तीर्ण भईरहेका छन् । त्यसैले पनि भर्ना भएका विद्यार्थीमध्ये दीक्षित भैसकेका विद्यार्थीको अनुपात कम देखिएको छ ।